नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**मध्य-वानेश्वर, काठमाडौं, नेपाल**
**फोनः ०१-४५९८०१३/१४, इमेलः info@aepc.gov.np**

# नवीकरणीय ऊर्जा प्रविधिहरुको आपूर्ति, निर्माण/जडान तथा बिक्री पछिको सेवा सम्बन्धी कार्यको लागि मान्यता प्राप्त व्यावसायिक संस्था/कम्पनीहरुको सूची दर्ता तथा नवीकरण गराउने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८०/०४/११**

**आवेदन पेश गर्ने अन्तिम मिति : २०८०/०४/३२ (कार्यालय समय भित्र)**

नेपाल सरकारद्वारा स्वीकृत नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ र नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९ मा भएको व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०८०/८१ को लागि (क) घरायसी वायोग्यास प्लाण्ट (ख) १२.५ देखि १०० घनमिटर क्षमता सम्मका बायोग्यास प्लाण्ट (ग) जैविक ऊर्जा प्रणाली (फलामे सुधारिएको चुलो, फलामे रकेट चुलो, फलामे ग्यासिफायर चुलो, संस्थागत फलामे सुधारिएको चुलो र संस्थागत फलामे ग्यासिफायर चुलो) (घ) सौर्य घरेलु विद्युत प्रणाली (ङ) संस्थागत सौर्य विद्युत प्रणाली, सौर्य पम्पिङ्ग प्रणाली तथा अन्य ठूला सौर्य ऊर्जा प्रणाली र (च) सौर्य तापीय प्रणाली (सोलार ड्रायर र कुकर) हरुको आपूर्ति, निर्माण/जडान तथा विक्री पछिको सेवा उपलब्ध गराउने सम्बन्धी कार्य गर्नको लागि यस केन्द्रबाट मान्यता प्रदान गर्ने सम्वन्धमा इच्छुक व्यावसायिक संस्था/कम्पनीहरुलाई सूची दर्ता गर्नका लागि यसै सूचना मार्फत आवेदन आह्वान गरिन्छ ।

उल्लेखित कार्यका लागि मान्यता प्राप्त व्यावसायिक संस्था/कम्पनीको सूचीमा दर्ता गर्नको लागि इच्छुक व्यावसायिक संस्था/कम्पनीहरुले केन्द्रले तोकेको ढाँचामा विवरणहरु तयार गरी मिति २०८० साल श्रावण मसान्तसम्ममा कार्यालय समयभित्र केन्द्रमा आवेदन दर्ता गराउनु पर्नेछ। प्रत्येक वर्गमा सूचीकृत हुन चाहने कम्पनी/संस्थाहरुले छुट्टाछुट्टै आवेदन पेश गर्नुपर्नेछ । रित नपुगी वा अन्य ढाँचामा पेश गरिएको आवेदन यस प्रक्रियामा समावेश गरिने छैन । पहिलो म्याद नाघी प्राप्त भएको आवेदन अर्को पटकको सूचीमा समावेश गरिनेछ। सूची दर्ता गराउने प्रक्रिया चालु आर्थिक बर्षभरी नै खुल्ला रहनेछ र प्रत्येक चौमासिकमा सूची अद्यावधिक गरी प्रकाशित गर्न सकिनेछ ।

साथै, गत आ.व. मा सूचीकृत भई चालु आ.व.मा समेत मान्यता प्राप्त कम्पनी/संस्थाको रुपमा कार्य गर्न इच्छुक कम्पनी/संस्थाहरुले यसै सूचनालाई आधार मानी माथि उल्लेखित मिति (२०८० साल श्रावण मसान्त  कार्यालय समय) भित्र तोकिएको मापदण्ड बमोजिम आवेदन पेश गर्नुपर्नेछ ।

***नोट : आवेदन फारामको ढाँचा तथा मूल्याङ्कनका मापदण्ड केन्द्रको वेबसाइट www.aepc.gov.np मा उपलब्ध छ ।***